# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १८ जनवरी २०२६**

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले आज हुगली जिल्लाको सिंगुरमा ८३० करोडभन्दा अधिक मूल्यका धैरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुको साथै कोलकातालाई देशका अन्य भागहरूसँग जोड्ने तीन अमृत भारत रेलहरूलाई झण्डा देखाउनु भयो।
- प्रधान मन्त्री नरेन्द्र मोदीले केन्द्र सरकार पश्चिम बङ्गालका युवा, किसान र महिलाहरूको कल्याणको लागि निरन्तर प्रयासरत रहेको बताउनु भयो।
- गोर्खा जाति बहुभाषी, बहुसंस्कृति, बहुधर्मी जनजाति एवम् समुदायहरूले मिलेर बनेको एउटा साझा फुलबारी रहेको दार्जिलिंगका सासद राजू बिस्टले बताउनु भएको छ।
- गोर्खा जनमुक्ति मोर्चाको आयोजनामा छुट्टै राज्य गोर्खाल्याण्ड र गोर्खाहरुको स्थायी राजनैतिक समाधान एंव संवैधानिक व्यवस्था विषयमा खरसाङमा संगोष्ठी सम्पन्न भएको छ।
- तरञ्जुबारी फूटबल क्लब सुकना गोल्ड कप फूटबल टुर्नामेण्टको सेमिफाइनलमा प्रवेश गरेको छ ।

**प्रधानमंत्री - पश्चिम बंगाल**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज पश्चिम बङ्गालको हुगली जिल्लाको सिंगुरमा ८३० करोडभन्दा अधिक मूल्यका धैरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। उहाँले कोलकातालाई देशका अन्य भागहरूसँग जोड्ने तीन अमृत भारत रेलहरूलाई पनि झण्डा देखाउनु भयो। यस अवसरमा बोल्दै प्रधान मन्त्रीले भन्नुभयो, यी सबै केन्द्रीय परियोजनाहरूले पश्चिम बङ्गालको विकासलाई गति दिनेछ। उहाँले भन्नुभयो, केन्द्र सरकार विकसित पूर्वोत्तर भारतको लक्ष्य पूरा गर्न प्रयत्नशील छ। प्रधान मन्त्रीले भन्नुभयो, पछिल्लो २४ घण्टा पश्चिम बङ्गालको रेल सम्पर्कका लागि धैरै महत्त्वपूर्ण भएको छ। श्री मोदीले भन्नुभयो बंगालमा जलमार्गको लागि अपार सम्भावना छ र केन्द्र सरकार यसमा पनि काम गरिरहेको छ। उहाले यस परियोजनाहरूबाट, पश्चिम बङ्गाललाई उत्पादन, व्यापार र रसदको प्रमुख हबको रूपमा विकास गर्न सकिन्छ। प्रधानमन्त्रीले बालागढमा विस्तारित बंदरगाह द्वार प्रणालीको शिलान्यास पनि गर्नुभयो। यसमा अन्तर्देशीय जल यातायात टर्मिनलहरू र एक ओभरब्रिज समावेश छ। लगभग ९०० एकड क्षेत्रफलमा फैलिएको बालागढलाई आधुनिक कार्गो ह्यान्डलिङ टर्मिनलको रूपमा विकास गरिँदैछ। यसको वार्षिक क्षमता करिब २७ लाख टन रहेको अनुमान गरिएको छ। यो परियोजनामा दुईवटा कार्गो ह्यान्डलिङका जेट्टीका निर्माण पनि सामेल छन्। यसले स्थानीय समुदायलाई लजिस्टिक, टर्मिनल सञ्चालन, यातायात सेवा, मर्मत र सम्बद्ध गतिविधिहरूमा रोजगारी सिर्जनाको माध्यमबाट लाभान्वित गर्नेछ।

*Byte*

प्रधानमन्त्रीले जयरामबती-बरोगोपीनाथपुर-मयनापुर नयाँ रेल लाइनको पनि उद्घाटन गर्नुभयो। यो तारकेश्वर-विष्णुपुर नयाँ रेल लाइन परियोजनाको एक महत्त्वपूर्ण भाग हो। श्री मोदीले बरोगोपिनाथपुरमा मायानापुर र जैरामबाटीबीच नयाँ रेल सेवाको पनि उद्घाटन गर्नुभयो। यसले बाँकुरा जिल्लाका बासिन्दाहरूलाई सिधा रेल कनेक्टिभिटी प्रदान गर्ने र दैनिक यात्री, विद्यार्थी र तीर्थयात्रीहरूको लागि यात्रा थप किफायती र सुविधाजनक बनाउनेछ। यसका साथमा प्रधान मन्त्रीले तीन अमृत भारत एक्सप्रेस ट्रेनहरू- हावडा-आनन्द विहार टर्मिनल अमृत भारत एक्सप्रेस, सियालदह-बनारस अमृत भारत एक्सप्रेस, संतरागाछी-तांबरम अमृत भारत एक्सप्रेस र एक प्यासेन्जर एक्सप्रेसलाई हरी झंडी देखाउनु भयो। यस अवसरमा राज्यपाल डा. सीभी आनन्द बोस, केन्द्रीय मन्त्रीहरू डा. सुकान्त मजुमदार, शान्तनु ठाकुर, पश्चिम बङ्गालका विपक्षी दलका नेता शुभेन्दु अधिकारी र अन्य व्यक्तिहरू उपस्थित थिए।

**प्रधानमंत्री - पश्चिम बंगाल**

प्रधान मन्त्री नरेन्द्र मोदीले सिंगुरमा एक जनसभालाई सम्बोधन गर्नुहुदै केन्द्र सरकार पश्चिम बङ्गालका युवा, किसान र महिलाहरूको कल्याणको लागि निरन्तर प्रयासरत रहेको बताउनु भयो। उहाले भन्नुभयो केन्द्रले शुरू गरेका विभिन्न कल्याणकारी योजनाहरूको उद्देश्य राज्यभरि जीविकोपार्जनमा सुधार ल्याउनु र रोजगारीका अवसरहरू सिर्जना गर्नु हो। यसका साथमा श्री मोदीले राज्य सरकारले केन्द्रीय योजनाहरूको कार्यान्वयनमा बाधा पुर्याइरहेको तथा जसका कारण यसको लाभ जनतासम्म पुग्न नसकिरहेको आरोप लगाउनु भयो। यसका साथमा प्रधानमन्त्रीले राजनीतिक मतभिन्नताभन्दा माथि उठेर नागरिकका आवश्यकतामा केन्द्रित भएर विकास पहलमा जोड दिनुपर्ने बताउनु भयो।

*Byte*

**रिजिजू-टीएमसी**

संसदीय कार्य मन्त्री किरेन रिजिजुले तृणमूल कांग्रेसले देशको संविधान नष्ट गरिरहेको आरोप लगाउनु भएको छ। भारतीय जनता पार्टी, पश्चिम बंगालले आफ्नो सोशल मिडिया अकाउन्टमा एक पोस्ट सेयर गर्दै उनीहरूले भारतीय नागरिकहरूको आधारभूत अधिकार खोसेका छन् र अवैध आप्रवासीहरूलाई सुरक्षा दिइरहेको आरोप लगाउनु भयो।उहाले पश्चिम बंगालमा तृणमूल कांग्रेसको शासनमा कानूनको शासन नभएको बताउदै श्री रिजिजुले भारतको संविधानको रक्षा गर्न सबैलाई आग्रह गर्नुभयो।

**रेलवे-पटरी डेटा**

भारतीय रेलवेले आगामी दुई वर्षमा ७ हजार ९ सय किलोमिटर भन्दा अधिक रेलको लीक नवीकरण गर्ने योजना बनाएको छ। रेल मन्त्रालयले जानकारी अनुसार चालू वित्त वर्ष 2025-26 मा 7,500 किलोमिटर भन्दा अधिक रेलको लीक नवीकरणको काम भइरहेको छ र गत आर्थिक वर्षमा 6,800 किलोमिटर अधिक रेलको लीकको जीर्णोद्धार भइसकेको छ। मन्त्रालयले उच्च गतिको लीकको लम्बाइ सन् २०१४ मा ३१,००० किलोमिटर रहेकोमा अहिले ८४ हजार किलोमिटरमा पुगेको जानकारी दिएको छ।

**राजू बिस्ट**

गोर्खा जाति बहुभाषी, बहुसंस्कृति, बहुधर्मी जनजाति एवम् समुदायहरूले मिलेर बनेको एउटा साझा फुलबारी रहेको र यस फुलबारीमा रहेका सबै  फुलहरूको आ-आफ्नै विशिष्ट अस्तित्व, रूप-रङ अनि सुवासनाहरूले एक सुन्दर बगैँचाको निर्माण भएको दार्जिलिंगका सासद राजू बिस्टले बताउनु भएको छ। आज खस भारतीय हितकारी सम्मेलनले कालेबुङमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै बिस्टले भन्नुभयो यस पृष्ठभूमिमा भारतभरी छरिएर बसेका गोर्खा जातिको अस्तित्व अनि संवर्द्धनमा खसहरूको योगदान उल्लेखनीय र गरिमामय रहेको छ। समग्रतामा हामी गोर्खाहरूको सामुहिक अस्तित्व यसका विभिन्न घटकहरूको समानान्तर विकास अनि समृद्धिमाथि निर्भर गर्दछ। हामी सबै घटक जातिहरू एउटै धुरीमुनि बाँचिरहेका छौँ, त्यसैले यसलाई बलियो र सुदृढ़ बनाएर नै हाम्रो गोर्खा जातिको अस्तित्व अनि हाम्रो चिनारी बाँच्न सक्नेछ। यस्तै खस समुदाय दार्जीलिङको संस्कृति र सामाजिक एकताको मेरुदण्ड भएको जीटीएका प्रमुख कार्यपाल अनित थापाले बताएका छन्। कालेबुङ मेला ग्राउण्डमा सम्पन्न भएको उक्त महाधिवेशनमा बोल्दै श्री थापाले हामी खस जाती हौं तर प्रथम हामी सिङ्गो गोर्खा रहेको र यो सत्यलाई कहिल्यै बिर्सनु नहुने बताउनु भयो। राजनीतिमा भिन्नता रहे पनि जातीको प्रश्नमा सबै गोर्खा एक भएको र हाम्रा सांसद पनि गोर्खा भएकोमा गर्व गर्नुपर्ने उल्लेख गर्दै उनले सामूहिक प्रयासबाट पहिचान मजबुत बनाउनुपर्नेमा जोड दिनुभयो।

**पूर्ण बहुमत**

दार्जिलिङका सांसद राजु बिष्टले २०२६ को बिधान सभा चुनावमा पश्चिम बंगालमा परिवर्तन साथै पूर्ण बहुमतको साथमा भारतीय जनता पार्टीको सरकार बनिने दावी गर्नुभयो। उहाले भाजपाको जन्म राष्ट्रिय हितको निम्ति भएको बताउँदै यसले हालसम्म धेरै जनमुखी अनि विकसमुलक कार्यहरू गर्दै आएको बताउनु भयो भने भाजपाले गठबन्धनमा रहेका कुनै पनि पार्टी चुनावी चलखेलको लागि गठबन्धनमा नरहेको बताउँदै आपसी साझेदारी अनि गोर्खाहरुको एकता झल्काउने उद्देश्यले गठबन्धन  रहेको बताउनु भयो।

**खादी-ग्रामीण उद्योग बोर्ड**

पश्चिम बंगाल खादी तथा ग्रामोद्योग बोर्डको तत्वावधानमा पुरुलिया शहरको जीईएल गेल चर्च मैदानमा आयोजित 'जिल्ला खादी मेला' अहिले स्थानीय बासिन्दा र पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ। राज्यका विभिन्न कुनाबाट खादी कपडा, दुर्लभ हस्तशिल्प र पारंपरिक पीठे-पुलियों (बंगाली मिठाई) को उत्सवपूर्ण वातावरणले सम्पूर्ण परिसरलाई उत्सवको वातावरणले भरिएको छ।

*यस वर्षको मेलामा पञ्जाबी कुर्ता, जवाहर कोटदेखि स्वर्णलता र पश्मिनासम्म उत्कृष्ट साडीहरूको विस्तृत श्रृंखला प्रदर्शन गरिएको छ। वस्त्र मात्र होइन, उत्तर बङ्गालको जलपाईगुडीको बेंत फर्नीचर, कूचबिहारको प्रसिद्ध शीतलपाटी र मेदिनीपुरको परम्परागत पटचित्रबाट पनि यहाँ उपलब्ध छ। मोहनगञ्जको प्रसिद्ध तुलाईपन्जी चामल र सुन्दरवनको शुद्ध महले पनि ग्राहकहरूलाई आकर्षित गरिरहेको छ। जिल्ला खादी विभागका अधिकारी पापु मुखोपाध्यायका अनुसार गत वर्ष मेलाले १ करोड ८० लाख रुपैयाँको व्यापार गरेको थिय। यसपटक भीड र उत्साहका कारण व्यवसायले यो आँकडा पार गर्ने अपेक्षा गरिएको छ। हस्तकला र संस्कृतिको यो अनौठो संगम जनवरी २० सम्म जारी रहनेछ।*

**खरसाङ-संगोष्ठी**

गोर्खा जनमुक्ति मोर्चाको आयोजनामा छुट्टै राज्य गोर्खाल्याण्ड र गोर्खाहरुको स्थायी राजनैतिक समाधान एंव संवैधानिक व्यवस्था विषयमा खरसाङमा संगोष्ठी सम्पन्न भएको छ। संगोष्ठीमा गोजमुमो अध्यक्ष बिमल गुरुङको साथमा आसाम लगायत विभिन्न स्थानहरुबाट आएका बुध्दीजीवि र वक्ताहरुले वक्तव्य राखेका थिए। खरसाङको पार्क लोकेशनस्थित सार्वजनिक भवनमा सम्पन्न संगोष्ठीको शुरुमा महात्मा गान्धीको तस्वीरमा दीप प्रज्ज्वलन गरी थालिएको थियो भने स्वागत सम्भाषण गोर्खा जनमुक्ति मोर्चा खरसाङ महकुमा समितिको महासचिव रोहित स्याङ्बोले राखेका थिए। संगोष्ठीमा वक्ताहरुले पहाडमा संवैधानिक व्यवस्था कुन सठीक रहने भन्ने विषयमा साथै छुट्टै राज्य गोर्खाल्याण्ड, जनजातिको मुद्दा, इन्टरलोक्युटर लगायतका विषयहरुमा चर्चा परिचर्चा गरेका थिए। सरकारले संवैधानिक व्यवस्था दिन तयार रहेको र यसको लागि कुन सठीक रहन्छ र कुन संवैधानिक व्यवस्थालाई स्वीकार गर्नु पर्ने भन्ने विषयमा पनि चर्चा परिचर्चा गरिएको छ।

**कुन्दन**

पहाडमा जुवा बन्द गरौं भन्ने नाराको साथमा कन्सर्न युथ अफ हिल्सका प्रमुख कुन्दन मुखियाले चौरास्ता परिसरमा धर्ना बसेका छन्। पहाडका युवा भाई बहिनी अनि विद्यार्थीहरुको परीक्षा अनि भविष्यप्रति चिन्ता व्यक्त गर्दै प्ला कार्ड हातमा बोकेर उनले प्रशासनप्रति असन्तुष्टि व्यक्त गरेका छन्। माध्यमिक परीक्षालाई मध्यनजर गर्दै पहाडका सम्पूर्ण स्थानहरूमा जुवा नखेलाइदिने अपिल गर्दै प्रशासनप्रति पनि यसमाथि रोक लगाइदिने उनले अनुरोध गर्दै आजदेखि मुखिया धर्नामा उत्रेका छन्।

**सिंग्रीताम**

सिंग्रीताम ग्राम पन्चायत संसद संख्या पाँचमा सोयल कञ्जरभेसन विभागीय निर्देशक पश्चिम बंगाल सरकारको पक्षबाट त्रिटेकर मण्डल तथा सह निर्देशक पश्चिम बंगाल राज्यको तर्फबाट पोनर बसु दार्जिलिङ सोययल कञ्जरवेर्भसन जिल्ला निर्देशक पि एम बस्नेतको परि भ्रमण सम्पन्न भयो। भ्रमण अवधी कृषकहरुसित सम्बन्धित निकायबाट प्राप्त गरेका बिभिन्न सहुलियत बिषय अन्तरक्रिया साथै के कति प्रगती गरे बारे चर्चा परिचर्चा गरे।

**फांसीदेवा**

सिलीगुड़ी महकमा अंतरगत फांसीदेवाको एक निजी बैकको कोषाध्यक्ष प्रल्हाद बासकको आत्महत्या मामिलामा पुलिसले दुई जनालाई पक्राउ गरेको छ। बैंक सञ्चालकको लिखित शिकायतका आधारमा बैंकका म्यानेजर र कर्मचारीलाई पुलिसले पक्राउ गरेको हो। प्राप्त जानकारी अनुसार बैंकमा करिब १४ लाख रुपैयाँको आर्थिक अनियमितताको आरोप सार्वजनिक भएको छ।

**ड्रीम प्रोजेक्ट**

पश्चिम मेदिनीपुर जिल्लाको शालबानी थाना क्षेत्रअन्तर्गत रहेको कोयामा गाउँ स्थित मुख्यमन्त्री ममता बनर्जीको ड्रिम प्रोजेक्ट मानिने स्टेडियम, फेरि एक पटक निराशाको सामना गर्नुपरेको छ। पूर्वाधार र संपर्क व्यवस्थाको अभावमा यहाँ हुने अंडर-

17 'जर्मन कप' फुटबल प्रतियोगिताका जिल्लास्तरीय खेल रद्द भएका छन् । कुनै बेला माओवादीको गढ मानिएको शालबानीको भीमपुरसँग जोडिएको कोयामा क्षेत्रमा राज्य पुलिस क्याम्प थियो, जसलाई माओवादी हिंसाका क्रममा आगो लगाइएको थियो । सत्ता परिवर्तनपछि मुख्यमन्त्री ममता बनर्जीको पहलमा सोही कोयमामा एक सरकारी कलेजको स्थापना भयो। यसका साथै यस क्षेत्रका युवाहरूको खेलकुद विकासको उद्देश्यले कलेजको पश्चिममा लगभग १३.५ एकड जमिनमा विशाल रंगशाला निर्माण गरिएको थियो। अप्रिल २०१७ मा मुख्यमन्त्रीद्वारा स्टेडियमको उद्घाटन गरिएको थियो, तर यसका बाबजुद यहाँ नियमित खेलकुद गतिविधिहरू सुरु हुन सकेनन्। उल्लेखनीय कुरा के छ भने झारग्राम सीमासँग जोडिएको कोयामा गाउँको सडक र रेल सम्पर्क निकै कमजोर छ। मेदिनीपुर सहरदेखि कोयामा स्टेडियमसम्मको दूरी सडकमार्गबाट करिब ३५ किलोमिटर छ भने पिराकाटादेखि कोयामासम्मको करिब आठ किलोमिटर राज्य सडकको अवस्था निकै खराब छ।

## निर्वाणा सुकना गोल्ड कप फूटबल

सुकना गेम्स एण्ड स्पोर्ट्स एसोसिएशनको तत्त्वावधानमा आयोजित निर्वाणा सुकना गोल्ड कप फूटबल टुर्नामेण्टको 19औं संस्करणमा तरञ्जुबारी फूटबल क्लबले सेमिफाइनलमा स्थान बनाएको छ। सुकना हाई स्कूल खेल मैदानमा आज भएको पहिलो क्वार्टर फाइनल म्याचमा तरञ्जुबारी फूटबल क्लबले बेलबारी फूटबल क्लब नेपाल विरुद्ध 3-2 ले जीत हासिल गऱ्यो। आर सुन्दास लाई प्लेयर अव् द म्याच चयन गरियो। टुर्नामेण्टमा जम्मा 20 वटा अग्रणी टीमले हिस्सा लिएका छन।

****** ० ******